प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले सो रकम उपयोग गरी प्रदेश नम्बर तीनको विभिन्न जिल्लाका हिमाली क्षेत्रमा बसोवास गरेका पशुपालक कृषकहरुको निर्वाहमूखी चौंरीपालन पेशामा सुधार गरी उक्त क्षेत्रमा चौंरीको अनुवांशिक स्रोत संरक्षण, यस क्षेत्रका जनतामा रोजगारीको सृजना र चौंरीपालन व्यवसायलाई व्यावसायिकरण गर्न मन्त्रिपरिषदबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधीको नाम "चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।
(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-
(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको चौंरी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।
(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।
(ग) **"चौंरी"** भन्नाले हिमाली स्थानीय गाईसँग याकको क्रस गराएर वा नाकसँग स्थानीय साँढे(किर्को) को क्रस गराएर जन्मेको पोथीलाई चौंरी सम्झनु पर्छ ।
(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।
(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।
(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।
(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।
(ज) **"विपन्न सदस्य"** भन्नाले सम्बन्धित समूहको माग बमोजिम सम्बन्धित स्थानीय तहले विपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्छ ।
(झ) **"साझेदार संस्था"** भन्नाले चौंरीपालक कृषक समूह सम्झनु पर्छ ।

३. **उद्देश्यः** चौंरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-
(क) लोपोन्मुख चौंरीको अनुवांशिक स्रोत संरक्षण गर्ने,
(ख) चौंरी गाईको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
(ग) हिमाली क्षेत्रमा वसोवास गर्ने जनताका लागि रोजगारी सृजना गर्ने,
(घ) उच्च पहाडी तथा हिमाली क्षेत्रको कृषि पर्यटन र त्यस क्षेत्रका जनताको आयस्तर वृद्धि गर्न टेवा पुऱ्याउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधी अनिवार्य राखु पर्नेछ ।

(३) प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतीका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतीका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ । सोको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** यो प्रदेशको पाँच वटा हिमाली जिल्लामा चौरीपालक कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । समूहमा कम्तिमा पाँच जना सदस्य हुनु पर्नेछ । समूहले कम्तिमा पचास वटा चौरी पालेको हुनु पर्नेछ। समूह सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ।

७. **प्रस्ताव आह्वानः** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न पन्ध्र दिनको समय अवधी दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिम मन्त्रालयले सूचना प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** चौरी प्रवर्द्धन कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची-२ बमोजिमको आवेदन साथ अनुसूची-३ बमोजिम कार्ययोजना तयार गरी कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

९. **साझेदार संस्थाको छनौटः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु अनुसूची-५ बमोजिम मूल्याङ्कनका आधारमा स्वीकृतीका लागि कार्यालयमा पेश गर्नेछ ।

१०. **प्रस्तावकलाई जानकारीः** छनौट भएको प्रस्तावक साझेदार संस्थालाई कार्यालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका सझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिन भित्र अनुसूची-४ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसिमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्था संग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एकमात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिनेछ । कार्यालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१३. समूहबाट सञ्चालन हुने कार्यक्रमको लागि समूहले प्राप्त गर्ने अनुदान र स्वलगानीको विवरणः

(रकम रु. हजारमा)

| सि.नं. | क्रियाकलापहरु | कार्यालयबाट अनुदान बढीमा रु. | समूहबाट स्वलगानी कम्तीमा रु. | जम्मा कार्यक्रम बजेट रु. |
|---|---|---|---|---|
| १ | चौरीको लागि भाले (याक) खरीद गर्न | ८० | २० | १०० |
| २ | चौरी-चरनमा घाँस विकास, बुट्यान हटाउने कार्य गर्न | ५० | १२.५ | ६२.५ |
| ३ | घुम्ती गोठ निर्माण गर्न | ७५ | १८.७५ | ९३.७५ |
| ४ | दुध ढुवानी र आकाशे पानी संकलन, दुध प्रशोधन उपकरण खरीद गर्न | २५० | ६२.५ | ३१२.५ |
| ५ | गोठालोको लागि न्यानो कपडा, टर्च लाईट, गम्बुट, न्यानकोट खरीद गर्न | ७५ | १८.७५ | ९३.७५ |
| ६ | घुम्ती सोलार जडान गर्न | १०० | २५ | १२५ |
| ७ | छुर्पी सुकाउने सोलार ड्रायर दुइ वटा खरीद गर्न | ४२० | १०५ | ५२५ |
| | **जम्मा** | **१०५०** | **२६२.५** | **१३१२.५** |

१४. कार्यालयबाट सञ्चालन हुने कार्यक्रमः

(रकम रु. हजारमा)

| सि.नं. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १ | कार्यालयबाट अनुगमन गर्न | ५० |
| २ | चौरी पालन तथा पशु स्वास्थ्य तालिम सचालन गर्न | १०० |
| | **जम्मा** | **१५०** |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१५. अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले कार्यालयमा बिल/भर्पाई पेश गर्नु पर्नेछ । साझेदार संस्थालाई कार्यालयले अनुदान रकम बढिमा दुई किस्तामा साझेदार संस्थाको बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ ।

१६. <u>प्रगति पठाउने प्रकृया:</u> (१) चौंरी प्रवर्द्धन कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१७. <u>विशेष प्राथमिकता:</u> (१) विपन्न सदस्य, पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१८. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ।

१९. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२०. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूची-१**

**(दफा ७सँग सम्बन्धित)**

**<u>प्रस्ताव आहव्हान गरिएको सूचना</u>**

**प्रथम पटक प्रकाशित मितिः ...............................**

आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौरी प्रवर्द्धन कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक चौरी पालक कृषक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तोकिएको ढाँचा अनुसार आवेदन-पत्र साथ तपसिल अनुसारका कागजातहरु संलग्न गरी सम्बन्धित कार्यालयमा दरखास्त दिनुहुन सूचित गरिन्छ ।

**तपसिलः**

१. रुपैंयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र,
२. समूहमा आवद्ध कुनै सदस्य विपन्न भएमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस-पत्र,
३. समूहको संक्षिप्त कार्ययोजना,
४. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
५. समूहसँग रहेको चौरीको संख्या
६. समूह दर्ता प्रमाण-पत्र।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूची-२**
**(दफा ८ सँग सम्बन्धित)**
**आवेदन-पत्र**

मितिः ... ... ... ... ...

श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

**विषयः-** अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम चौंरी प्रवर्द्धन कार्यक्रममा सहभागी हुन तीव्र चाहना भएकोले निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरिएको छ । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्लाभित्रै रही गरिने ब्यहोरा अनुरोध छ।

**तपसिलः**

१. रुपैंयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र,
२. समूहमा आवद्ध कुनै सदस्य विपन्न भएमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस-पत्र,
३. समूहको संक्षिप्त कार्ययोजना,
४. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
५. समूहसँग रहेको चौंरीको संख्या
६. समूह दर्ता प्रमाण-पत्र।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-३
### (दफा ८ सँग सम्बन्धित)
### आवेदन-पत्र साथ समूहले पेश गर्नुपर्ने कार्ययोजना

मितिः ... ... ... ... ...

कार्यक्रमको नामः ... ... ... ... ...

समूहको नामः ... ... ... ... ...

ठेगानाः ... ... ... ... ...

(रकम रु.हजारमा)

| सि. नं. | क्रियाकलापहरु | कार्यालय बाट अनुदान बढीमा रु. | प्रति कृषक समूहबाट सहयोग कम्तीमा रु. | जम्मा कार्यक्रम बजेट रु. |
|---|---|---|---|---|
| १ | चौंरीको लागि भाले(याक) खरीद गर्न | | | |
| २ | चौंरी-चरनमा घाँस विकास, बुट्यान हटाउने कार्य गर्न | | | |
| ३ | घुम्ती गोठ निर्माण गर्न | | | |
| ४ | दुध ढुवानी र आकाशे पानी संकलन, दुध प्रशोधन उपकरण खरीद गर्न | | | |
| ५ | गोठालोको लागि न्यानो कपडा, टर्च लाईट, गम्बुट, न्यानकोट खरीद गर्न | | | |
| ६ | घुम्ती सोलार जडान गर्न | | | |
| ७ | छुर्पी सुकाउने सोलार ड्रायर दुइ वटा खरीद गर्न | | | |
| | | | | |
| | जम्मा | | | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-४
(दफा ११को उपदफा (१)सँग सम्बन्धित)
**सम्झौता-पत्र**

आर्थिक वर्ष २०७५/०७६ मा संचालन हुने चौरी प्रवर्द्धन कार्यक्रमका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... (यसभन्दा पछाडी पहिलो पक्ष भनिने) र छनौट भएको चौरी पालक कृषक समूह, ... ... ... ... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ ।

तपसिलः

१. प्रथम पक्षले शुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानी गरी पचास प्रतिशत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको पचास प्रतिशत रकम भुक्तानीको लागि वील भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम बैंक खाता मार्फत भुक्तानी दिनेछ र दोश्रो किस्ता वापतको बाँकी पचास प्रतिशत रकम कार्य सम्पन्न पश्चात बैंक खाता मार्फत भुक्तानी दिइनेछ वा कार्य सम्पन्न भए पश्चात आवश्यक कागजातहरु पेश गरी एकमुष्ठ बैंक खाता मार्फत भुक्तानी दिन सक्नेछ ।
२. पहिलो पक्षबाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
३. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित ऐन/नियम बमोजिम आवश्यक कारवाही हुनेछ ।
४. व्यवसायबाट उत्पादित वस्तुको बजार दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ ।
५. पहिलो पक्षले अनुदान प्राप्त गर्ने दोश्रो पक्षको नियमित रुपमा अनुगमन गर्नेछ ।
६. दोश्रो पक्षले मासिक रुपमा प्रगति विवरण प्रथम पक्षलाई दिनु पर्नेछ ।
७. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि भवितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।
८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य ब्यहोरा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्ष**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तर्फबाट सही गर्नेको

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

**दोश्रो पक्ष**

कृषक/समूहको तर्फबाट सही गर्नेको

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

इति सम्वत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम् ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-५
(दफा ९ सँग सम्बन्धित)

**साझेदार संस्थाको मूल्याङ्कन गर्ने आधारहरु**

| क्र. सं. | द. नं. | आवेदकको नाम | ठेगाना | समूहको कार्य योजना | समूहमा चौरी संख्या | | | समूहमा याक संख्या | समूहमा सामाजिक तथा आर्थिक समावेशिता प्रतिशत | | | व्यवसायको सम्भाव्यता / उपयुक्तता | चौरी पालेको अनुभव/तालिम प्राप्त सदस्य प्रतिशत | | घाँस विकास गरेको वा गरिने जगगाको क्षेत्रफल | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७५ वटा भन्दा बढी | ५१ वटादेखि ७५ वटासम्म | ५० वटा | | ८० भन्दा माथी | ५० देखि ७९.९सम्म | ५० भन्दा कम | | ६० वा सो भन्दा माथी | ६० भन्दा कम | | |
| | | | | ३० | ३० | २५ | २० | ५ | १० | ८ | ५ | १० | ५ | ३ | १० | १०० |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |